जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक २३४ | २०८० साल बैशाख ८ गते शुक्रबार | (21 Apr. 2023 Friday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : नौ महिनामा १२ खर्बको आयात.. ३ पृष्ठमा : एकैदिन तीन सय ७९ स्थानमा... ३ पृष्ठमा : राहुल गान्धीको पुनरावेदन..

# गढीमाईमा पाँच दलिय गठबन्धनको चुनावी सभा सम्पन्न




**दैनिक समाचारदाता**
**बारा, ७ बैशाख ।**

बैशाख १० गते हुन गइरहेको उपनिर्वाचन अन्तरगत बारा क्षेत्र नं. २ मा बिहीबार पाँच दलिय गठबन्धनले बृहत चुनावी सभा सम्पन्न गरेको छ ।

सो सभामा प्रधानमन्त्रीदेखी दुई जना पूर्वप्रधानमन्त्री तथा एक जना मधेश प्रदेशका पूर्वमन्त्री समेतले सम्बोधन गर्दै गठबन्धनका तर्फबाट उम्मेदवार बनेका जसपाका अध्यक्ष उपेन्द्र यादवलाई जिताउन आग्रह गरे ।

बाराको गढीमाइमा आयोजित पाँच दलीय गठबन्धनको वृहत चुनावी सभालाई सम्बोधन गर्दै नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उपेन्द्र यादव देश र मधेशको नेता भएकाले उनको जीत हिमाल, पहाड र मधेशको जीत हुने बताएका छन् ।

चुनावी सभालाई सम्बोधन गर्दै उनले गठबन्धनका उम्मेदवार उपेन्द्र यादवलाई भारी मतले जिताउन आग्रह गरे । उनले भने 'निजगढ विमानस्थलको शिलान्यास गरि निर्माण प्रक्रिया अगाडि बढाईने छ, गढीमाइको विकासका लागि अन्तर्राष्ट्रियस्तरको विकास कोष स्थापना गर्न अगाडि बढ्ने छौं, नागरिकता समस्यालाई गम्भीरताका साथ लिएका छौं, चाडै प्रमाणिकरण हुन्छ, रोक्ने राष्ट्रपति हैन फुकाउने राष्ट्रपति आउनुभएको छ ।'

सो आमसभामा नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले उपेन्द्र यादव देशकै योग्य नेता भएकोले जनताको सेवा गर्न जिताउन आग्रह गरे । 'उपेन्द्र यादव मधेश र मधेशी जनताको अधिकारका लागि पटक पटक उहाँले मसँग झगडा गर्नु भएको छ' उनले भने उहाँलाई भारी मत अन्तरले जिताउन आग्रह गर्दछु ।'

त्यस्तै नेकपा एसका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले देश बनाउन, संविधानको रक्षा र जनताको समस्या समाधान गर्न पाँचदलीय गठबन्धन थप मजबुत हुनुपर्ने बताए । उपेन्द्र यादवलाई अत्यधिक मत दिएर जिताउनुपर्नेमा जोड दिँदै भने 'सबै समुदायको समस्या समाधान गर्न पाँच दलीय गठबन्धन प्रतिवद्ध छ ।'

यसैगरि लोकतान्त्रिक समाजवादी पार्टीका नेता जितेन्द्र सोनलले पाँच दलीय गठबन्धनले संविधान संशोधन, नागरिकता सम्बोधन, सामाजिक न्याय, विकास र समृद्धि ल्याउने विश्वास व्यक्त गरे । संघीयता, लोकतन्त्र र गणतन्त्रको रक्षा र बारा २ को समग्र विकासका लागि उपेन्द्र यादवलाई जिताउन उनले जनतासँग उनले आग्रह गरे ।

सो क्षेत्रबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार उपेन्द्र यादवले समग्र विकासका लागि निजगढ विमास्थल निर्माण, स्वास्थ्य, शिक्षा, सडक, पर्यटन, सिंचाई, मलखाद, विपन्नलाई आवास लगायतका कामहरु पुरा गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

निजगढ विमानस्थल निर्माण कार्य अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याउँदै अध्यक्ष यादवले मुआब्जा दिएर व्यवस्थित बसोबास गराउनुपर्ने तथा कवैको छोटी भन्सार कोरोना समयमा बन्द रहेकोले चालु गराउन प्रधानमन्त्री पुष्पकमल दाहालको ध्यानाकर्षण गराए ।

चुनावी अभियानका क्रममा जनताको घरदैलोमा जाँदा बारा जिल्लामा अत्यन्तै सम्भावना रहँदारहँदै पनि दु:ख र अभाव रहेको अनुभूति गर्न पाएको अध्यक्ष यादवले चर्चा गरे ।

यस क्षेत्रमा जसपाका अध्यक्ष उपेन्द्र यादवसँग मुख्य प्रतिष्पर्धी जनमत पार्टीका तर्फबाट शिवचन्द्र कुशवाहा, राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट रमेश खरेल, नेकपा एमालेका तर्फबाट पुरुषोत्तम पौडेल छन् ।

# बिहीबार राति १२ बजेदेखि प्रचारप्रसार निषेधको अवधि

काठमाडौं, ७ वैशाख (रासस) ।

वैशाख १० गते आइतबार हुन लागेको तीन क्षेत्रको उपनिर्वाचनका लागि बिहीबार राति १२ बजेदेखि प्रचारप्रसार निषेधको अवधि हुने भएको छ ।

प्रतिनिधिसभा सदस्यका लागि बारा निर्वाचन क्षेत्र नं २, तनहुँ निर्वाचन क्षेत्र नं १ र चितवन निर्वाचन क्षेत्र नं २ मा हुन लागेको निर्वाचनका लागि निषेधको अवधि लागू हुने भएको हो ।

उपनिर्वाचनका लागि आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी २०७९ चैत २४ गतेदेखि जारी गरेको सो निर्वाचन आचारसंहिता, २०७९ मा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म प्रचारप्रसार निषेधको अवधि लागू हुने व्यवस्था गरिएको छ ।

उक्त व्यवस्थाबमोजिम बिहीबार मिति २०८० वैशाख ७ गतेको राति १२ बजेदेखि वैशाख १० गते मतदान केन्द्र बन्द नभएसम्म प्रचारप्रसार निषेधको अवधि कायम रहने निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जनाउनुभयो ।

निर्वाचन (कसुर तथा सजाय) ऐन, ७३ को दफा २४ को उपदफा ५ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ बमोजिम उक्त अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न तथा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, मत माग्न, एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यम तथा सामाजिक सञ्जालबाट मत माग्न निषेध गरिएको आयोले सम्बन्धित सबैमा स्मरण गराएको छ ।

साथै निर्वाचन आचारसंहिताविपरीत वक्तव्य दिन, प्रेस विज्ञप्ति निकाल्न, प्रकाशन तथा प्रसारण गर्न, सञ्चारमाध्यमबाट जित वा हारको पूर्वानुमानका सामग्री प्रसारजस्ता कार्य नगर्न/नगराउन आयोगले आग्रह गरेको छ ।

# खडक नगरपालिकमा आगलागि हुँदा ६५ लाख मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

सप्तरीको खडक नगरपालिकामा बुधबार साँझ भएको आगलागिमा १३ घर जलेर नष्ट हुँदा ६५ लाख २० हजार मुल्य बराबरको धनमालको क्षति भएको छ ।

वडा नं. ९ बञ्जाहीगुढी टोलमा बालिएको घुरबाट सल्केको आगोले स्थानिय सुरेन्द्र प्रसाद चौधरी, धिरेन्द्र चौधरी, राजेन्द्र प्रसाद चौधरी, हरिहर देवी चौधरी, भरत चौधरी, मोहन प्रसाद चौधरी, सत्रुधन चौधरी, रबिन चौधरी, अमिन चौधरी, सचिन चौधरी, सबुरलाल चौधरी, मिश्रीलाल चौधरी, हरी चौधरी, नेमन चौधरी र नन्द कुमार चौधरीको गरि १३ घर र त्यसभित्र रहेको सम्पूर्ण सामान जलेर नष्ट हुँदा उक्त मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगलागिमा मानबिय क्षति नभएको तथा शम्भुनाथ नगरपालिका, राजविराज नगरपालिकाको दमकल, स्थानिय तथा नेपाल प्रहरीको सहयोगमा आगोलाई झण्डै तीन घण्टको प्रयासमा नियन्त्रण लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

# नौ महिनामा १२ खर्बको आयात र सवा खर्बको निर्यात

काठमाडौं, ७ वैशाख (रासस)। चालु आर्थिक वर्ष २०७९/८० को तेस्रो त्रैमासिक अवधिसम्ममा सरकारको व्यापार घाटा रू १० खर्ब ८३ अर्ब नाँघेको छ। भन्सार विभागले बुधबार सार्वजनिक गरेको चैत मसान्तसम्मको वैदेशिक व्यापारसम्बन्धी विवरणअनुसार यो अवधिमा नेपालले रू १२ खर्ब एक अर्ब ५० करोड बराबरको आयात गर्दा रू एक खर्ब १८ अर्ब २८ करोड बराबरको निर्यात गरेको छ।

गत आर्थिक वर्षको तुलनामा यस वर्ष समग्र वैदेशिक व्यापार घटेको छ। विभागका अनुसार चालु आर्थिक वर्षको नौ महिना अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात १८ र निर्यात २६ दशमलव ३४ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा समग्र व्यापार घाटा पनि १८ दशमलव ८९ प्रतिशतले घटेको देखिन्छ। विभागको तथ्याङ्कअनुसार समग्र वैदेशिक व्यापारमा आयातको हिस्सा ९१ दशमलव ०४ र निर्यातको हिस्सा आठ दशमलव ९६ प्रतिशत बराबर रहेको छ।

चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा भारतसँग मात्र नेपालले रू छ खर्ब ७० अर्ब ७६ करोड बराबरको व्यापार घाटा व्यहोरेको छ। अर्थात् यो अवधिमा नेपालले भारतबाट रू सात खर्ब ५३ अर्ब ७५ करोड बराबरको वस्तु आयात गर्दा रू ८२ अर्ब ९८ करोड ५३ लाख बराबरको निर्यात गरेको देखिएको हो।

अर्को छिमेकी मुलुक चीनसँग यही अवधिमा नेपालले रू एक खर्ब ६१ अर्ब ८१ करोड बराबरको व्यापार घाटा बेहोरेको छ। अर्थात् चैत मसान्तसम्ममा नेपालले चीनबाट रू एक खर्ब ६२ अर्ब ४४ करोड ८४ लाख बराबरको वस्तु आयात गर्दा रू ६३ करोड ६८ लाख बराबरको मात्रै निर्यात गरेको देखिएको हो।

संयुक्त अरब इमिरेट्स (युएई) पनि नेपालले बढी वैदेशिक व्यापार गर्ने मुलुकका रुपमा देखिएको छ। यो अवधिमा नेपालले युएईबाट रू २५ अर्ब ९१ करोड १२ लाख बराबरको वस्तु आयात गर्दा रू ४२ करोड ७० लाख बराबर मात्रै निर्यात गरेको छ। त्यस्तै चैत मसान्तसम्ममा नेपालले अमेरिकाबाट रू १४ अर्ब ४७ करोड ७५ लाख बराबरको वस्तु आयात गरेको छ भने रू १३ अर्ब ९० करोड ९५ लाख बराबरको निर्यात गरेको छ।

नौ महिना अवधिमा नेपालले सबैभन्दा धेरै रू एक खर्ब १२ अर्ब ४० करोड बराबरको डिजेल र रू ४९ अर्ब ७४ करोड ७२ लाख बराबरको पेट्रोल आयात गरेको छ। रू ४४ अर्ब ८४ करोड बराबरको खाना पकाउने ग्यास आयात भएको छ। नेपालले बढी आयात गरेको वस्तुमा फलामजन्य वस्तु चौथो स्थानमा छ। चैत मसान्तसम्ममा रू ३० अर्ब ६३ करोड बराबरको फलामजन्य वस्तु आयात भएको छ। त्यस्तो अप्रशोधित तेल रू ३० अर्ब र अप्रशोधित पाम तेल रू २२ अर्ब बराबरको आयात भएको देखिन्छ।

चैत मसान्तसम्ममा नेपालले सबैभन्दा बढी निर्यात गरेको वस्तुमा पनि पामतेल र सोयाबिन तेल देखिन्छ। यो अवधिमा रू नौ अर्ब दुई करोड बराबरको पामतेल र रू आठ अर्ब ४३ करोड बराबरको सोयाबिन तेल भारत निर्यात भएको छ। बढी निर्यात हुने वस्तुमा अलैँची तेस्रो नम्बरमा छ। यो अवधिसम्ममा नेपालले रू छ अर्ब ३३ करोड बराबरको अलैँची निर्यात गरेको छ।

# भारतबाट फर्किनेमा देखिन थाल्यो कोरोना सङ्क्रमण

महेन्द्रनगर, ७ वैशाख (रासस)। पछिल्लो समय भारतबाट रोजगारी गरेर स्वदेश फर्किनेमा कोरोना सङ्क्रमण दर वृद्धि भइरहेको छ।

सुदूरपश्चिम प्रदेश सरकारले सुदूरपश्चिमका कैलाली र कञ्चनपुरका साथै पहाडी जिल्लाका नेपाल-भारत सीमा नाकामा पाँच वटा स्थानमा हेल्थ डेस्क स्थापना गरी कोरोना परीक्षण गर्दै आएको छ। सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका कोभिड सर्म्पक व्यक्ति हेमराज जोशीले सीमानाकामा कोरोना परीक्षणमा सङ्क्रमण पुष्टि हुने क्रम दुई साताजता बढ्दै गइरहेको बताउनुभयो।

यहाँ कञ्चनपुरको गड्डाचौकी नाका, कैलालीको त्रिनगर र खकौला, बैतडीको झुलाघाट र दार्चुलाको पुलघाटमा भारतबाट फर्किनेको स्वास्थ्य परीक्षणका लागि हेल्थ डेस्क स्थापना गरिएको उहाँले जानकारी दिनुभयो। प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार पछिल्लो २४ घण्टामा सुदूरपश्चिममा पीसीआर विधिमा तीन र एन्टिजेनमा २७ गरी ३० जनामा सङ्क्रमण देखिएको छ।

यहाँ बुधबार चार सय ११ जनालाई एन्टिजेन र २२ जनाको पीसीआर विधिबाट कोरोना परीक्षण गरिएको थियो। जसमध्ये कञ्चनपुरका मात्रै बुधबार दश जनाको कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ। स्वास्थ्य कार्यालयका प्रमुख दयाकृष्ण पन्तले यहाँ दश जनाको सङ्क्रमण देखिएको बताउनुभयो।

उहाँका अनुसार गड्डाचौकीमा चार, बेलौरीमा चार र दोधारा चाँदनी र कृष्णपुर नगरपालिकामा एक/एक जनामा सङ्क्रमण पुष्टि भएको छ।

त्यसैगरी कैलालीको धनगढीस्थित त्रिनगर हेल्थ डेस्कमा परीक्षण गर्दा तीन जना पुरुषमा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य निर्देशनालयका कोभिड सर्म्पक व्यक्ति जोशीले जानकारी दिनुभयो।

बुधबार मात्रै सिमाना गड्डाचौकीमा दुई सय आठ, बैतडीको झुलाघाटमा १९, टीकापुर खकौला नाकामा ४२, त्रिनगर भन्सारमा एक सय ९७ र दार्चुलाको पुलघाटमा नौ जनाको कोरोना परीक्षण गरिएको थियो।

"कोभिडको खोप लगाएका छौँ भनेर मात्रै पुग्दैन", जोशीले भन्नुभयो, "स्वास्थ्य मापदण्डको पनि ख्याल गर्दै स्वास्थ्यप्रति सजग रहन आवश्यक छ।" उहाँले सीमानाकामा एन्टिजेन र प्रादेशिक एवं जिल्ला अस्पतालमा पीसीआर विधिबाट कोरोना परीक्षण हुँदै आएको जानकारी दिनुभयो।

# पूर्व वडाध्यक्ष ठाकुर पक्राउ

जलेश्वर, ७ वैशाख (रासस)। महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकाका एक पूर्ववडा अध्यक्ष लेनदेन मुद्दामा पक्राउ परेका छन्। विगत पाँच वर्षदेखि फरार रहँदै आएका जलेश्वर-१२ का पूर्ववडा अध्यक्ष रामतपेश्वर ठाकुर पक्राउ परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले बताउनुभयो।

विसं २०७५ वैशाख ४ गते महोत्तरी जिल्ला अदालतद्वारा कैद सजाय तोकिएका वडाध्यक्ष विसं २०७४ को स्थानीय तहको निर्वाचनमा वडा अध्यक्षमा विजयी भएका थिए। तर वडाध्यक्ष रहेकै अवस्थामा उनी लेनदेन मुद्दाका फरार प्रतिवादी पनि थिए।

लेनदेन मुद्दामा पैसा तिर्न नसकेर अदालतको फैसलापश्चात् विगत पाँच वर्षदेखि फरार रहँदै आएका पूर्ववडा अध्यक्ष ठाकुरलाई बुधबार गोप्य सूचनाका आधारमा प्रहरीले निजको घरबाटै पक्राउ गर्न सफल भएको प्रहरी उपरीक्षक प्रकाश मल्लले बताउनुभयो।

साथै उहाँले बिहीबार पूर्ववडा अध्यक्ष ठाकुरलाई महोत्तरी जिल्ला अदालतमा पेस गर्ने तयारी रहेकोसमेत बताउनुभयो।

# पन्ध्र निर्माण व्यवसायी र आपूर्तिकर्ता कालोसूचीमा

काठमाडौं, ७ वैशाख (रासस)। सार्वजनिक खरिद अनुगमन कार्यालयले विभिन्न सार्वजनिक निकायका ठेक्का अलपत्र पार्ने १५ निर्माण व्यवसायी र आपूर्तिकर्तालाई कालोसूचीमा राखेको छ।

कार्यालयले सूचना जारी गरी कालोसूचीमा राखिएका निर्माण व्यवसायी र आपूर्तिकर्ताले सो अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद प्रक्रियामा भाग लिन नपाउने जनाएको छ।

कार्यालयका अनुसार मुख्य व्यक्ति सैलेन्द्रकुमार कुरुम्वाङ रहेको विराटनगरस्थित एसएएस कन्स्ट्रक्सन प्रालिलाई तीन वर्ष कालोसूचीमा राखिएको छ।

कार्यालयले मुख्य व्यक्ति गोकर्णप्रसाद पण्डित रहेको नागार्जुन शङ्करमाली जेभी, मुख्य व्यक्ति दीपक सापकोटा रहेको शङ्करमाली निर्माण सेवा प्रालिलाई एक वर्ष तीन महिनाका लागि कालोसूचीमा राखेको छ।

मुख्य व्यक्ति राजुप्रसाद श्रेष्ठ रहेको वाई पी कन्स्ट्रक्सन, रविनकुमार जोशी मुख्य व्यक्ति रहेको रफिना कन्स्ट्रक्सनलाई पनि एक वर्ष तीन महिनाका लागि कालोसूचीमा राखिएको छ।

साथै मुख्य व्यक्ति टंकप्रसाद चौलागाई रहेको धुलिखेल-युनिकर्ण जेभी र मुख्य व्यक्ति हरि खड्का रहेको युनिकर्ण कन्स्ट्रक्सनलाई पनि एक वर्षका लागि कालोसूचीमा परेका छन्।

त्यस्तै मुख्य व्यक्ति विमल चौधरी रहेको फेवा नेपाल प्रालि इटहरी, मुख्य व्यक्ति रेशम श्रेष्ठ रहेको कन्या कालिका स्टील फर्निचर, मुख्य व्यक्ति प्रमिला थापा रहेको ओम शान्ति निर्माण सेवा भद्रपुर, मुख्य व्यक्ति अनिल कुमार रहेको रेडलाइन कन्स्ट्रक्सन कम्पनी प्रालि वीरगञ्जलाई पनि एक वर्षका लागि कालोसूचीमा राखिएको छ।

त्यसैगरी मुख्य व्यक्ति जौवाद हुसेन रहेको सेफ मेटल कन्स्ट्रक्सन प्रालि वीरगञ्ज, मुख्य व्यक्ति राजुभाई सैँजु रहेको सिरुवा कन्स्ट्रक्सन, मुख्य व्यक्ति गोरे तामाङ रहेको कविर कन्स्ट्रक्सन, र मुख्य व्यक्ति सुनकोसी कन्स्ट्रक्सन नेपाल प्रालिलाई पनि एक वर्षका लागि कालोसूचीमा राखिएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मिटरब्याज पीडितलाई आन्दोलन फिर्ता लिन सरकारको आग्रह

काठमाडौं, ७ वैशाख (रासस)। सरकारले मिटरब्याज पीडितलाई न्याय दिने प्रक्रिया सुरु भइसकेको भन्दै आन्दोलन फिर्ता लिन आग्रह गरेको छ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न बिहीबार आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले आन्दोलन फिर्ता लिएर सरकारलाई सहयोग गर्न आग्रह गर्नुभयो।

"मिटरब्याज पीडितलाई न्याय दिन सरकारले कदम चालिसकेको छ", उहाँले भन्नुभयो, "उजुरी दिएर सरकारलाई सहयोग गरिदिनु होला।"

सरकारले लिएको अग्रसरतालाई निरुत्साहित पार्ने गरी आन्दोलन नगर्न पनि उहाँले आग्रह गर्नुभयो।

मिटरब्याजसम्बन्धी समस्या समाधान गर्न सरकारले कानुन निर्माणको प्रक्रिया अगाडि बढाएको जानकारी दिँदै उहाँले सो समस्या समाधान गर्न उच्चस्तरीय आयोग बनाइएको बताउनुभयो।

# एकैदिन तीन सय ७९ स्थानमा डढेलो, यस वर्षकै धेरै

काठमाडौँ, ७ वैशाख (रासस)।
पछिल्लो समय अधिकतम तापक्रममा वृद्धि भएसँगै वन डढेलोका घटना पनि ह्वात्तै बढेका छन्। सुक्खा खडेरी बढ्दोक्रमसँगै बुधबार मात्र देशभर एकैदिन १७ जिल्लामा तीन सय ७९ स्थानमा डढेलो लागेको थियो। बढ्दो तापक्रम, प्रतिकूल मौसम, वनमा रहेको ज्वलनशील पदार्थको उपस्थिति तथा भौगोलिक विकटताका कारण वन डढेलो नियन्त्रण र व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ।

वन तथा भू-संरक्षण विभागले दिएको जानकारी अनुसार एकैदिन तीन सय ७९ डढेलोका घटना यस वर्षकै सबैभन्दा उच्च हो। वन डढेलोबाट निस्केको धुवाँका कारण देशभरको आकाश तुवाँलोले ढाकेको छ भने यसको वायु प्रदूषणले जनस्वास्थ्यमा समस्या देखिन थालेको छ।

नेपालमा खासगरी माघदेखि जेठसम्म बढी वनमा डढेलो लाग्ने गरेको छ। विभागको तथ्याङ्कअनुसार यही वैशाख १ गते २६ जिल्लाका एक सय १२, २ गते आठ जिल्लाका २८, ३ गते १२ जिल्लाका ३२, ४ गते १० जिल्लाका ६४ र वैशाख ५ गते ३३ जिल्लाका एक सय ८० स्थानमा डढेलो लागेको थियो।

नेपालमा विशेष गरी तराई र भित्री मधेसका जिल्लामा वन डढेलो बढी लाग्ने गरेको विभागको वन डढेलो सूचना कक्षका सहायक वन अधिकृत गोविन्दकुमार श्रेष्ठले जानकारी दिनुभयो। पछिल्ला दिनमा दाङ, चितवन, अर्घाखाँची, प्यूठान, सुर्खेतमा बढी वन डढेलो लागेको उहाँले बताउनुभयो। हाल देखिएको डढेलोमा छत्र डढेलो (ठूलो रुखको माथिसम्म हुने आगलागी) सिन्धुली र रामेछापमा मात्र देखिएको छ भने अन्य जिल्लामा देखिएको सतही डढेलो (जमिनमा झारपातमा हुने आगलागी) हो। यस वर्ष हिउँदे वर्ष न्यून भएका कारण पनि वन डढेलो धेरै देखिएको विभागको भनाइ छ।

वन डढेलो घटना मानवीय गतिविधिका कारण बढी हुने गरेको छ। स्थानीयले घाँसको मुना पलाउने आशमा जानाजानी आगो लगाउने गरेका छन्। डढेलो वन व्यवस्थापनको राम्रो औजार भए पनि त्यो नियन्त्रित हुनुपर्ने वन क्षेत्रको जानकारको भनाइ छ।

**मानिसको जानाजानीबाट ६४ प्रतिशत डढेलो**

विभागका उपमहानिर्देशक नवराज पुडासैनीले वनजङ्गलमा मानिस वनभोज जाने र आगो त्यतिकै छोड्दा हुने आगलागी, बिँडी, चुरोटका ठुटाबाट समेत वन डढेलो लाग्ने गरेको जानकारी दिनुभयो। कतिपय संरक्षित क्षेत्रमा स्थानीयले प्रवेश गर्न नपाएको र स्रोतको प्रयोग गर्न नपाएको आवेगमा समेत आगो लगाउने गरेको देखिएको छ।

ठूलोस्तरमा लागेको डढेलो वर्षाको पानी नपरिकन नियन्त्रण हुने सम्भावना कम रहेको उहाँले बताउनुभयो। विभागले वन डढेलोको नियन्त्रणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम गर्दै आएको छ। गर्मी मौसम र भौगोलिक विकटता डढेलो नियन्त्रणको मुख्य समस्या बनेको छ।

हालसम्म डढेलो धेरै बढेपनि मानव बस्ती, मानवीय र वन्यजन्तु क्षति नभएको उपमहानिर्देशक पुडासैनीले बताउनुभयो। उहाँले भन्नुभयो,"यस वर्ष समयमै अग्निरेखा निर्माण र सरसफाइ गरेका कारण डढेलो राजमार्गको आसपास देखिएको छैन।"

वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि विभागले वन ढडेलो सूचना कक्ष सञ्चालन गरेको छ। कक्षमा रहने टोली खटिइ भौगोलिक सूचना प्रणालीमा आधारित वन डढेलो सूचना प्रणालीमार्फत सबै डिभिजनल वन अधिकृत र वन कर्मचारीलाई चौबिसै घण्टा वन डढेलोको सूचना प्रवाह गर्ने व्यवस्था मिलाइएको छ।

सशस्त्र वन रक्षक तालिम केन्द्रमा रहेको जनशक्तिलाई चौबिस घण्टा सजग रहि वन डढेलो नियन्त्रण र व्यवस्थापनमा परिचालन हुन निर्देशन दिइएको उपमहानिर्देशक पुडासैनीले बताउनुभयो।

विभागले डिभिजनल वन अधिकृतले वन डडेलो नियन्त्रणका लागि स्थानीय प्रशासन र सुरक्षा निकायसँग आवश्यक समन्वय गरी वन डढेलो नियन्त्रणमा सहयोग लिनुहुन, तथा उपभोक्ता समूह तत्काल परिचालन गर्न र उपलब्ध औजार सामग्रीको अधिकतम परिचालन गर्ने व्यवस्था मिलाउन देशभर परिपत्र गरेको छ। साथै विभागले यसमा आवश्यक सहयोगका लागि रक्षा र गृह मन्त्रालयलाई पत्राचार गर्नका लागि वन तथा वातावरण मन्त्रालयलाई समेत आग्रह गरेको जनाएको छ।

पछिल्लो समय जलवायु परिवर्तन र वन डढेलो बीचको दुश्चक्रिय अन्तरसम्बन्धले समस्या जटिल बन्नुका साथै डढेलोका घटनासमेत वृद्धि हुँदै आएको देखिन्छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सन् २००८ देखि सन् २०२१ सम्म वन डढेलोका ३४ हजार सात सय २५ घटना घटेका छन्।

विगत १४ वर्षसम्म सङ्कलन गरिएको डढेलोका घटनामध्ये सन् २०१६ मा सबैभन्दा बढी सात हजार सात सय ६७ र सन् २०१५ मा सबैभन्दा कम सात सय छ वटा घटना घटेको पाइएको छ।

तथ्याङ्कअनुसार सन् २००५ देखि सन् २०२१ सम्म वन डढेलोको घटनामा परी एक सय १६ जनाले ज्यान गुमाएका थिए। मानिसहरुको जानाजानीबाट ६४ प्रतिशत, लापरवाही र दुर्घटनाबाट ३२ प्रतिशत र अज्ञातकारकबाट चार प्रतिशत वन डढेलो लाग्ने गरेको तथ्याङ्क छ।

**शुक्रबारदेखि नयाँ मौसमी प्रणाली विकासको सङ्केत**

पछिल्लो एक सातादेखि अधिकतम तापक्रम बढेर तराईमा ४० डिग्री सेल्सियस तापक्रम पुगेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। तराईमा तापक्रम वृद्धि भएसँगै लु समेत चलेको छ।

यो तापक्रम बढ्ने बेला भए पनि बिचबिचमा बादल थपिँदा तापक्रममा केही कमी हुने वा र उस्तै रहने अवस्था हुन्थ्यो तर अहिले त्यस्तो नहुँदा तापक्रम लगातार बढिरहेको विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाको भनाइ छ। अर्कोतिर वर्षाका गतिविधि हुन नसकेका कारण र नयाँ मौसमी प्रणाली विकास नहुँदा मौसम स्थिर रहेको महाशाखाका मौसमविद् सञ्जिव अधिकारीले बताउनुभयो।

बिहीबारदेखि सुदूरपश्चिमतिरबाट बाक्लो बादल देखिएकाले भोलिदेखि केही मौसममा त्यसको केहीअसर देखिने उहाँले अनुमान गर्नुभयो। ठूलो वर्षा नभए पनि हल्का तथा क्षणिक वर्षा हुनसक्ने उहाँको भनाइ छ।


"राजविराज शहर समृद्ध-हरित नगर"
राजविराज नगरपालिका
२ नं. वडा कार्यालय
राजविराज, सप्तरी,
मधेश प्रदेश, नेपाल

पत्र संख्याः२०७९।८०
चलानी नः ६३५

मितिः २०८०।०१।०५

विषय :- सूचना सूचना सूचना

२ नं. वडा कार्यालय रा.बि.न.पा बाट जारी भएको सूचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वार्ड नं. २ बस्ने स्वा. अनिरुद्ध प्रसाद सिंहको बुहारी स्व. राजिव कुमार सिंहको श्रीमती निर्मला सिंह मेरो श्रीमान्को मृत्यु भएको हुदा निजको नाम नामेलीमा कायम रहेको जग्गाहरु म एक मात्र श्रीमती निर्मला सिंह मृत्क को हक अपुताली खाने सव भन्दा नजिकको हक दार भएको हुदा स्व. राजिव कुमार सिंहको नाम नामेसीमा कायम रहेको जग्गाहरु नामसारी प्रयोजनको लागी मिति ०७९।११।१८ गते द.नं. २०२ को निवेदन द्वारा माग गरेको हुदा सो जग्गाहमा अरु कोही कसैको हक दावी भए वा हकदार भए दावी विरोध गर्नका लागी सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला। अन्यथा कानून बमोजीम भै जाने व्यहोरा जानकारीको लागी अनुरोध छ।

तपसिल

| जिल्ला | गा.वि.स.। न.पा | वार्ड नं. | सा.कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडडीया | ३ | १३३१ | ०-०-३ |
| " | " | " | २०५७ | ०-०-१२ |
| " | " | " | २०५८ | ०-०-१.५सगोलको जग्गा |

रियाज उद्दिन खाँ
नि. वडा अध्यक्ष
रा.वि.न.पा वार्ड नं. २


## विश्व समाचार

### राहुल गान्धीको पुनरावेदन खारेज

नयाँदिल्ली, ७ वैशाख (रासस/पिटिआई)।

मानहानी मुद्दामा दोषी ठहरिनु भएका भारतको विपक्षी दलका नेता राहुल गान्धीको पुनरावेदन खारेज भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीका कट्टर आलोचक गान्धीलाई गत महिना गुजरातको सुरत अदालतले मानहानी मुद्दामा दोषी ठहर गर्दै पुनरावेदनको अवसर दिएको थियो।

अदालतको आदेशसँगै नेता गान्धीले सांसद् पद गुमाउनुभएको थियो। सन् २०१९ को चुनावी सभामा नेता गान्धीले मोदी थर भएकाहरू 'बदमास' हुन्छन् भनेको विरोधमा भारतीय जनता पार्टीका नेता पूर्णेश मोदीले गान्धीविरुद्ध मानहानी मुद्दा दायर गरेका थिए। यद्यपि उहाँको प्रधानमन्त्री मोदीसँग कुनै सम्बन्ध छैन।

अब नेता गान्धीले उच्च अदालतमा पुनरावेदन गर्नुहुने उहाँको दलका नेताहरूले बताएका छन्। दलका नेता तथा कानुन व्यवसायीसँग छलफल भइरहेको छ।

### युक्रेनको वैदेशिक व्यापार सात प्रतिशतले घट्यो

कीएभ, ७ वैशाख (रासस/सिन्ह्वा)।

युक्रेनको वैदेशिक व्यापार सन् २०२३ को पहिलो त्रैमासिकमा वार्षिक सात प्रतिशतले घटेर २५.८ बिलियन अमेरिकी डलर पुगेको छ।

राज्य भन्सार सेवाले बुधबार दिएको जानकारी अनुसार जनवरी-मार्चमा युक्रेनको निर्यात कुल १०.३ बिलियन डलर र आयात १५.५ बिलियन डलर रहेको छ।

खाद्यान्न उत्पादनले पहिले त्रैमासिकमा युक्रेनको निर्यात आम्दानीमा सबैभन्दा ठूलो योगदान पुर्‍यालएको र त्यसपछि धातु उत्पादन, मेसिन, उपकरण र यातायातलगायतका क्षेत्रले योगदान दिएको जनाइएको छ।

मुख्यरूपमा आयात हुने वस्तुहरूमा मेसिन, उपकरण, यातायात, इन्धन, र रसायनलगायतका वस्तु छन्। गत वर्ष युक्रेनको वैदेशिक व्यापार २९.६ प्रतिशतले घटेर ९९.७ अर्ब डलर पुगेको थियो।

### अमेरिका घरेलु घृणाले नष्ट हुँदैछ : सीएनएन

न्युयोर्क, ७ वैशाख (रासस/सिन्ह्वा)।

संयुक्त राज्य अमेरिका घृणा र चरमपन्थीको आक्रमणमा परेको अध्ययनले देखाएका छन्। अमेरिकी नेसनल अर्बन लीगले अश्वेत अमेरिकी राज्यका बारेमा हालै सार्वजनिक गरेको वार्षिक प्रतिवेदनलाई उद्धृत गर्दै सीएनएनले मङ्गलबारयस किसिमको टिप्पणी गरेको छ।

अति दक्षिणपन्थी र घरेलु चरमपन्थको "विस्फोटक वृद्धि"ले "हाम्रो समुदाय, हाम्रो परिवार र हाम्रो राष्ट्रलाई खतरा बनाउँदैछ", प्रतिवेदनमा भनिएको छ। प्रतिवेदनले रोजगारी, शिक्षा, स्वास्थ्य, आवास, आपराधिक न्याय र नागरिक सहभागिता लगायतका असमानता रहेको संस्थालाई विश्वास गर्ने क्षेत्रहरू पनि उल्लेख गरेको छ।

### अमेरिकाद्वारा ३२ करोड ५० लाख डलरको सैन्य सहायता घोषणा

वाशिङ्टन, ७ वैशाख, (रासस/एएनआई)।

संयुक्त राज्य अमेरिकाले बुधवार युक्रेनका लागि नयाँ सैन्य सहायता घोषणा गरेको छ।

उक्त सहायता प्याकेज ३२५ मिलियन अमेरिकी डलर बराबरको छ। प्याकेजमा हाई मोबिलिटी आर्टिलरी रकेट प्रणालीका लागि थप तोप राउन्ड र रकेटलगायतका युद्ध सामग्री रहेका छन्। भ्वाइस अफ अमेरिकाले उल्लेख जनाएअनुसार युक्रेनले उच्च दरमा तोपखाना हतियार चलाउन पर्ने भएकाले यो सहायता घोषणा गरिएको हो।

सो प्याकेजको घोषणा हुनुअघि रक्षा अधिकारीले उक्त नवीनतम सहायतामा एन्टी-ट्याङ्क निर्देशित मिसाइल, एन्टी-ट्याङ्क माइन र एटी-४ एन्टी-आर्मर हतियार पनि समावेश रहेको बताएका छन्। उक्त युद्ध सामग्री युक्रेनद्वारा कब्जा गरिएका क्षेत्रमा रहेका रूसी स्थल सेनालाई पछाडि धकेल्न आवश्यक हुने बताइएको छ।

युक्रेनको स्थलसेना प्रमुखका अनुसार रुसले युद्धमा उल्लेखनीय क्षति बेहोरेर पनि पूर्वीयुक्रेनी शहर बाख्मुतमा भने भारी तोपखाना र हवाई आक्रमण बढाइरहेको पनि अमेरिकी अधिकारीको बुझाइ छ।

यसैबीच युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले बुधबार अन्तरराष्ट्रिय मुद्रा कोष (आइएमएफ) र विश्व बैंकका प्रमुखलाई विश्वभर रहेको रूसी केन्द्रीय बैंकको सम्पत्ति जफत गर्न र युक्रेनको पुनर्निर्माणमा मद्दत गर्न आह्वान गर्नुभएको छ।

बुधवार (स्थानीय समय)मा विश्व बैङ्क र आइएमएफद्वारा आयोजित भर्चुअल गोलटेबलमा, जेलेन्स्कीले सो आह्वान गर्नुभएको हो। साथै विश्व बैङ्कले युक्रेनको ऊर्जा पूर्वाधार मर्मत गर्ने परियोजनाको लागि बिहीबार २०० मिलियन अमेरिकी डलर अनुदान घोषणा गरेको छ।

# सिटिजन बैंकले मनायो बार्षिकोत्सव



**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

सिटिजन इन्टरनेशनल बैंकले आफ्नो १६औं वार्षिकोत्सवको अवसरमा विहीबार मन्दिरमा डस्टबिन वितरणका साथै रक्तदान कार्यक्रम गरि मनाएको छ ।

सो बैंकको भारदह शाखाले कंकालनि मन्दिर, हनुमाननगरको बजरंगबली मन्दिर लगायत भारदह र हनुमाननगरको मुख्य चौकमा डस्टबिन वितरण गरिएको भारदह शाखाका प्रबन्धक आमरेन्द्र कुमार यादवले जानकारी दिए ।

सो कार्यक्रममा हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख बिरेन्द्र माझी, प्रशासकीय अधिकृत हरिमोहन शर्मा, बिभिन्न वाडाका अध्यक्ष, शाखाका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

यस्तै वार्षिकोत्सवकै अवसरमा राजविराज शाखाले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । सो कार्यक्रममा एरिया इन्चार्ज प्रकाश नेपाल, शाखा राजबिराजका शाखा प्रबन्धक राजकुमार यादव लगायत राजबिराज, कल्याणपुर, पातो, बोदेबर्साइन, कन्चनपुर, फत्तेपुर, भारदहका कर्मचारीहरुले रक्तदान गरेका थिए ।

# सवारी दुर्घटनामा एक बालकसहित तीन जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

सप्तरीको महादेवा गाउँपालिका, कंचनरुप नगरपालिका र खडक नगरपालिकामा बुधबार भएको सवारी दुर्घटनामा एक बालकसहित तीन जना घाइते भएका छन् ।

जिल्लाको महादेबा गाउँपालिका ६ स्थित भित्रि सडक खण्डममा एक किशोरले चलाइरहेको साइकलको ठक्करबाट ४ वर्षिय बालक घाइते भएका छन् ।

तिलाठी कोईलाडी ७ वस्ने रानाथ खंगको १४ वर्षिय छोरा प्रकाश खंगले चलाइरहेको साइकलले सडकको छेउमा खेलिरहेका स्थानिय ओम प्रकाश यादवका ४ वर्षिय छोरा दिपेश कुमार यादवलाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

उक्त ठक्करबाट दिपेशको पेटमा चोट लागेकोले छिन्नमस्ता अस्पताल राजविराजमा उपचारका लागि भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि जिल्लाको कंचनरुप नगरपालिका ९ रुपनगर हटियास्थित भित्री सडक खण्डमा मोटरसाइकलको ठक्करबाट एक पैदल यात्री घाइते भएका छन् । प्र.१-०५-००१ प.४१५२ नं. मोटरसाइकलले बाटो काट्ने क्रममा पैदल यात्री स्थानिय ४० वर्षिय दसन सरदारलाई ठक्कर दिएको हो । ठक्करबाट सरदारको टाँउको, मुख र दुबै खुट्टामा चोट लागेकोले धर्मेश्वर अस्पताल ठेलियामा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

यस्तै बुधबारै जिल्लाकै खडक नगरपालिका ११ बनौलीस्थित हुलाकी सडक खण्डमा मोटरसाइकलको ठक्करबाट एक पैदल यात्री महिला घाइते भएकी छिन् । पुर्वबाट पश्चिम तर्फजादै गरेको लु.४६प.५००९ नं. को मोटरसाइकलले विपरित दिशातर्फ आउदै गरेको पैदल यात्री स्थानिय ५७ वर्षिया रुपमैनी देवी मण्डललाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

ठक्करबाट उनको टाउको र शरिरको बिभिन्न भागमा चोट लागेकोले जिवन ज्योती अस्पताल बोदेबर्साईनमा उपचार भईरहेको तथा मोटरसाइकल तथा चालक प्रहरीले नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# अनाधिकृत रुपले बिधुत प्रयोग गर्ने दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

अनाधिकृत रुपले बिधुत शक्तिको उपयोग गरिरहेको भन्दै प्रहरीले बिहीबार दुई जनालाई नियन्त्रणमा लिएको छ ।

नेपाल बिधुत प्राधिकरण कर्मचारी र प्रहरीको संयुक्त टोलीले राजविराज १३ निवासी योगेन्द्र यादव र डाक्नेश्वरी नगरपालिका ७ निवासी खेमराज चौधरीलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार नियन्त्रणमा लिईएका व्यक्तिहरुलाई आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखी घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

# सङ्घीय निजामती सेवा ऐन तत्काल जारी गर्न माग

काठमाडौं, ७ बैशाख (रासस) ।

संयुक्त ट्रेड युनियन सञ्जालले कर्मचारीमैत्री सङ्घीय निजामती सेवा ऐन तत्काल जारी गर्नुपर्ने माग गरेको छ । सञ्जालले बुधबार यहाँ पत्रकार सम्मेलन गरी सञ्जालले देश सङ्घीय राज्य व्यवस्थामा गएको लामो समयसम्म पनि सङ्घीय शासन प्रणालीको कार्यान्वयनका लागि सङ्घ, प्रदेश तथा स्थानीय तहको कर्मचारी प्रशासनलाई व्यवस्थापन एवं मार्गदर्शन गर्ने छाता कानुनको रुपमा रहेको सङ्घीय निजामती सेवा ऐन जारी नहुँदा मुलुकको सार्वजनिक प्रशासन अन्योल र अस्थिरतातर्फ धकेलिएको भन्दै ऐन जारी गर्न माग गरेको हो ।

सञ्जालले हालै सरकारले सरोकारवाला पक्षहरुसँग छलफल नै नगरी सङ्घीय निजामती सेवा ऐनको विधेयक सहमतिका लागि अर्थ मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाएको भन्दै ध्यानाकर्षणसमेत गराएको छ । सञ्जालले भनेको छ, "निजामती प्रशासनलाई सङ्घीय शासनअनुरुपको ढाँचामा व्यवस्थित गरी जनताको सेवा प्रवाहलाई चुस्त, दुरुस्त, प्रभावकारी, पारदर्शी एवं नागरिकमैत्री गराउने कार्यमा सहयोग पुग्नेगरी जतिसक्दो चाँडो ऐन जारी गर्न अनुरोध गर्दछौं ।"

**कोशी पीडित समाज**
राजविराज–३, सप्तरी
Koshi Victims Society (KVS)

स्वयं सेवक सम्बन्धि निवेदनदर्ता गर्ने सूचना
**(सूचना प्रकाशन मिति २०८०/०१/०८)**

USAID को सहयोगमा कोशी पीडित समाजले सप्तरी जिल्लाका कन्चनरुप ४ र १०, अग्निसाइर कृष्णसवरन ४ र ५, हनुमाननगर कंकालिनी ४ र ५ र तिलाठी कोइलाडी ४ र ८ मा USAID Local Works: Saptari परियोजना संचालन गरिहेको छ । यस परियोजना अन्तर्गतका कार्य क्षेत्रहरुमा पशु बिमा सम्बन्धि घरदैलो अभियान र श्रम शक्ति सम्बन्धि सुचना संकलनका लागि केहि स्वयंसेवकहरुको आवश्यकता परेकोले मिति २०८०/०१/१५ गतेभित्र यस संस्थामा आइपुग्ने गरी निबेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरुः**
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्युनतम १२ कक्षावा प्रविणता प्रमाण पत्र तह उत्तिर्ण,
- न्युनतम १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको,
- नेपाल सरकारको पशु बिमा सम्बन्धि नीति नियमहरुको बारेमा आधारभुत जानकारी भएको,
- कम्प्युटर का प्याकेजहरु एम.एस. वर्ड र एक्सेल सम्बन्धि ज्ञान भएकालाई प्राथमिकता दिइने छ ।
- सामाजिक संस्थाहरुमा स्वयंसेवकको वा सामाजिक परिचालकको रुपमा कार्य गरेकोलाई प्राथमिकता दिइने छ ।
- सम्बन्धित वार्डका स्थानीयलाई प्राथमिकता दिइने छ ।
- समुहमा स्पष्ट रुपमा स्थानीय भाषामा बोल्न सक्ने र समुहलाई नेतृत्व प्रदान गर्न सक्ने ।

इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्र, न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र, कार्य अनुभवको प्रमाण पत्र र अन्य सान्दर्भिक प्रमाण पत्रसहित तोकिएको मितिमा कोशी पीडित समाजको कार्यालय वा vacancykvs@gmail.com मा तोकिएको मिति सम्ममा निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

➢ बालबालिकाको संरक्षण र विकासमा ध्यान दिऔं ।
➢ बालबालिका माथि हुने हिंसाको उजुरी प्रहरीमा गरौं ।
➢ बालबालिका बेचविखन र तस्करी नियन्त्रण गरौं ।
➢ बालबालिकालाई परिवारीक बातावरणमा हुर्कने अवसर दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*